**Cambridge International Examinations**
Cambridge Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Composition, Translation and Comprehension **May/June 2015**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*0446174821*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, glue or correction fluid.
DO **NOT** WRITE IN ANY BARCODES.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **8** printed pages.

DC (AC/SW) 97349/3
© UCLES 2015

## Section A – Composition

**1** Write in **Nepali two** compositions of about 150 words each. You may choose any **two** subjects from the following:

**(a)** ग्रामिण क्षेत्रका विद्यार्थीहरु विश्वविद्यालय शिक्षामा आफ्नो पहुँच कठिन भएको पाउँछन् । केहि व्यक्तिहरु यो समस्या समाधान गर्न ग्रामिण क्षेत्रमा क्याम्पसहरु खोल्न पर्ने विचार राख्छन । तपाईं यो विचार संग कुन हद सम्म सहमत वा असहमत हुनुहुन्छ ?

Students from rural areas often find it difficult to access university education. Some people think that universities should open campuses in rural areas to address this problem. To what extent do you agree or disagree with this opinion?

**(b)** तपाईंको गाउँ/सहरमा एउटा सार्वजनिक पर्ती जग्गा तेत्तिकै खेर गै रहेको छ । तपाईंले उक्त जमिनमा एउटा समुदायिक पार्क निर्माण गर्ने योजना सुझाउनुभएको छ तर उक्त जग्गा स्थानीय निकायको (गाउँ विकास समिति वा नगर पालिका) अधिनमा छ र तपाईंले त्यहाँबाट स्विकृती लिनु पर्दछ । तपाईंको योजनाबारे स्थानीय निकायलाई उक्त जग्गा उपलब्ध गराई दिन माग गर्दै एउटा निवेदन लेख्नुहोस् । उक्त जग्गा किन आवश्यक छ र कसरी प्रयोग गर्नुहुन्छ कारण र प्रकृया सहित स्पष्ट उल्लेखगर्नुहोस ।

There is a piece of unused public land in your village or town. You thought of a project of developing that land into a community park. But you cannot start the project because the land belongs to the local authority (Village Development Committee or Municipality) and you need to apply for permission. Write an application to your local authority requesting to use the land for the project you have in mind. State clearly why you need the land and how you are going to use it.

**(c)** तपाइंको विद्यालयबाट आयोजना गरिएको एउटा बनभोजमा तपाईं पनि एक सहभागी हुनुहुन्थ्यो । ऊक्त अवसरमा खानपिनका परिकारका साथै थुप्रै रमझमका कार्यक्रमहरु गरिएको थियो । तपाईं त्यो कार्यक्रमको एउटा सक्रिय पात्र पनि हुनुहुन्थ्यो । ऊक्त कार्यक्रमबारे संक्षिप्त रुपमा बर्णन गर्नुहोस् ।

You were one of the participants at a picnic organised by your school. There were lots of recreational activities and a variety of dishes. Narrate what happened.

(d) तपाईंले आफ्नो जीवन कालमा देख्नुभएको कुनै एक अविस्मरणीय सपना बारे बयान गर्नुहोस ।

Describe a dream of yours which you remember vividly.

(e) विद्यार्थीहरुलाई विद्यालय पोशाक अनिवार्य गरिनु पर्दछ वा पर्दैन भन्ने विषयमा तपाईं र तपाईंको साथी बिचमा भईरहेको छलफललाई एउटा संवादको रुपमा प्रस्तुत गर्नुहोस् ।

You and your friend are discussing whether school uniform should be made compulsory or not. Present this in the form of a dialogue.

[25 x 2 = 50]

## Section B – Translation

**2** Translate into **English**:

अन्तर्राष्ट्रिय पर्यटनका लागि नेपाल उत्कृष्ट गन्तव्य भनी चिनिएको निकै भइसक्यो। अब पर्यटन विकासकालागि मात्र कल्पना, सिर्जनशीलता, अनुसन्धान र प्रोत्साहन चाहिन्छ ।

हुम्ला, मुस्ताङ र सगरमाथा क्षेत्र नेपालमा पर्यटक तान्ने ठाउँ हुन्। यी क्षेत्रलाई बिशेष संरक्षण र विकास आवश्यक छ । यी क्षेत्रलाई 'विशेष पर्यटक क्षेत्र' तोकिनु पर्दछ र उक्त क्षेत्रलाई पर्वतारोहण, स्की, अध्ययन, विश्राम र साधना क्षेत्र को रुपमा विकास गर्न सकिन्छ । यसो गर्दा ती क्षेत्रमा संख्या थोरै तर धेरैभन्दा धेरै खर्च गर्न सक्ने पर्यटकहरु ल्याउन सकिन्छ ।

अति अविकसित क्षेत्रहरु मध्ये एक मुस्ताङ क्षेत्र भौगोलिकता, ऐतिहासिकता, जनसंख्या, संस्कृतिबाट विश्व परिचित छ। चाख लाग्दो कुरा के छ भने यि क्षेत्रहरूका बारेमा धेरै जसो कितावहरु नेपालीमा भन्दा विदेशी भाषाहरूमा बढी लेखिएको पाइन्छ । मुस्ताङका केही ठाउँको दश हजार वर्ष पुरानो एउटा छुट्टै सभ्यता बनिसकेको छ र यी ठाउँ आदर्श पर्यटकीय गन्तब्य हुन् सक्छन् ।

[10]

© UCLES 2015

**3** Translate into **Nepali**:

Environmental pollution is the biggest menace to the human race on this planet today. The environment consists of earth, water, air, plants and animals. If we pollute them, then the existence of man and nature will be endangered. If pollution continues, the day is not far when our Earth will become a desert.

Since trees are being cut down rapidly, the quality of our air is becoming worse. Pure air is always needed for health. Impure air not only causes diseases but can also cause death. The incident of the Bhopal gas leak in December 1984 is an example. Thousands of residents of Bhopal died due to lung problems which were caused by methylamine gas leaks from a nearby factory.

Realising the danger of pollution, we must plant trees in large numbers to absorb impure air. If the air we breathe, the water we drink and the soil which produces our crops, vegetables and fruits, all become more and more impure, our chances of good health and longevity will decrease day by day.

Environmental pollution is endangering our very existence. Now, governments are well aware of this fact and are taking steps to save the environment before it's too late.

[20]

© UCLES 2015

## Section C – Comprehension

Read the passage carefully and then answer in **Nepali** the questions that follow, using your **own** words as far as possible.

### पदमचालको सौन्दर्य

फूल देख्नमा सुन्दर हुन्छ । घरघरमा फूलबारी ढकमक्क सजिँदा मन फुरुङ्ग नहुने को होला ? घरघरमा मात्र नभै, मानवबस्तीदेखि धेरै टाढा हिमाली र लेकाली क्षेत्रमा फुलेका फूलले डाँडाकाँडा नै बगैंचाझैं लाग्छन् । कठिन भू-बनोटका बीच हिमाली भेगमा अवस्थित तिम्बुङपोखरी आशपास टावर वा स्तम्भझैं देखिने पदमचाल नामको फूलले यात्रीलाई फुरुङ बनाउँछ । विश्वका थोरै मुलुकको कठिन भू-बनोटमा मात्र पाइने पदमचालको सौन्दर्यले पर्यटक र खोजकर्तामा थप तिर्सना जगाएको छ ।

विद्युत्को स्टिल पोलजस्तै लाइनै देखिने हिमाली वनस्पति पदमचाल अहिले यात्रीहरूको आकर्षण बन्ने गरेको छ । यदाकदा फोटोमा देखेको भरमा त्यो सुन्दर फूलको साक्षात्कार गर्ने धोको अक्सर सबैमा हुन्छ । पाँचथर र ताप्लेजुङ जिल्लाको सीमावर्ती तिम्बुङ पोखरीबाट केहीमाथि डाँडामा पत्थरको पहाड चढेर नजिकैबाट नियाल्नेहरुले अझ सन्तुष्टि मिलेको अनुभब गर्छन् । चार हजार चार सय ६० मिटरको उचाइमा रहेको पदमचालको नजिकको पोखरी पुग्ने सबैलाई कठिन हुन्छ । सहज रूपमा पुग्न सकिने स्थानमा यो फूल पाइन्न । पहिलोपटक पदमचालको नजिक पुग्नेहरु हर्षविभोर मात्र देखिन्नन् तेस्को सुन्दर दृश्यसँग जोडिएर तस्बिर खिचाउन व्यस्त देखिन्छन् ।

चिसो र अक्सिजनको कमीले थकित भएको अवस्थामा पदमचालको सौन्दर्यले थकाई मेटाउँछ । आँखाले भ्याएसम्म टाढा लावालस्कर देखिने पदमचालको दृश्यपानका लागि मौसमको बाधा भने छिचोल्नै पर्छ । पानीझरी, हावाहुरी र हुस्सु छिचोलेर चट्टानेभिर माथि मौसम खुल्ने प्रतीक्षा गरेर बस्नु पर्ने हुन्छ । असारदेखि असोज महिनासम्म मात्र पुग्ने सकिने यो अनुपम मनसुन गन्तव्य हो ।

ताप्लेजुङ जिल्लाको इवानागी र तावानागी बीचको डाँडामा पनि यो फूल देखिन्छ । तर त्यहाँ पुग्न चट्टाने भीर छिचोल्नै मुस्किल हुन्छ । जुनसुकै बाटोबाट गए पनि दुई दिन कस्सिएर पैदल हिँडी साउनदेखि असोजको दोस्रो सातासम्म मात्र पुग्न सकिन्छ । हिउँदभर हिमपात हुने भए पनि हिउँ पर्न छाडेपछि पदमचाल हुर्किने गरेको चौरीघ्याङमा गोठ राखेकाहरु बताउँछन् ।

मनसुन गन्तव्यका लागि अब्बल यो क्षेत्रमा पदमचालका अलावा, माइकोपिला, कुट्की, बिखुमा, पाँचऔंले, खोकिम जस्ता अनेकन फूल र जडिबुटीको सौन्दर्य उस्तै छ । अनकन्टार डाँडाको स्वरूप नै उज्यालो बनाउने पदमचाल र अनेकन फूलले यो क्षेत्र प्राकृतिक बगैंचाझैं लाग्छ ।

पदमचालको बैज्ञानिक नाम रेयुम नोबिले हो र यो फूल चार फुटसम्म अग्लो भएको बताइन्छ । पदमचाल नेपाल लगायत भारतको सिक्किम, उत्तर-पूर्वी अफगानिस्तान, भुटान र पूर्वी पाकिस्तानमा मात्र पाइने विज्ञहरू बताउँछन् । विज्ञहरू भन्छन्, 'पदमचाल यस्तो ग्रीन हाउस हो यसले आफूलाई चाहिने तापक्रम आफैं सञ्चय गरेर राख्छ ।'

ताप्लेजुङ जिल्लाको सुरुङखिम गाउँका स्थानीयहरू यस क्षेत्रमा रहेको खाली जमिनमा पदमचाललाई बृहत् रूपमा संरक्षण गर्ने प्रयासमा रहेको बताउँछन् । स्थानीयहरूका अनुसार यसको संख्या घट्दै गएको छ । पदमचालको बिरुवा यत्रतत्र देखिए पनि वयस्क भने पहरातिर मात्रै भेटिन्छ । हड्डी भाँचिएको या दुखेको औषधिका लागि यो वनस्पति राम्रो मानिन्छ ।

4 माथिको अनूच्छेदमा उल्लेख भए अनुसार घर तथा डाँडाकाँडामा फुलेका फूलले मनमा कस्तो अनुभब दिन्छ ? [1]

5 पहिलो अनूच्छेदमा पदमचालको कुन दुईओटा फाइदा बताइएको छ ? [2]

6 पहिला दुई अनूच्छेदमा पदमचाललाई के संग तुलना गरिएको छ ? दुई वटा उदाहरण दिनु होस् । [2]

7 पदमचाल पाइने कुनै दुईओटा भौगोलिक अबस्था दिनु होस् । [2]

8 पदमचालको नजिक पुग्नेहरु केमा व्यस्त हुन्छन ? [1]

9 पदमचालको दृश्यपानका लागि कुन कुन दुई वटा मौसमी बाधा छिचोल्न पर्छ ? [2]

10 पदमचालको सन्दर्भमा आषाढ देखि आश्विन सम्मका महिनाहरूको के महत्व छ ? [1]

11 अनूच्छेद ५ मा उल्लेख भए अनुसार पदमचाल सहित अन्य फूलहरुले पहाडलाई कस्तो देखाउछन् ? [1]

12 अनूच्छेद ६ मा दिए अनुसार पदमचालले कसरि हरितगृहको जस्तो काम गर्दछ ? [1]

13 पदमचाल केकेको उपचारमा राम्रो मानिन्छ ? [2]

Language and spelling [5]

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

To avoid the issue of disclosure of answer-related information to candidates, all copyright acknowledgements are reproduced online in the Cambridge International Examinations Copyright Acknowledgements Booklet. This is produced for each series of examinations and is freely available to download at www.cie.org.uk after the live examination series.

Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.

© UCLES 2015 